# काठमाडौं महानगरपालिका

# स्थानीय राजपत्र

काठमाडौं महानगरपालिकाद्वारा प्रकाशित

वर्ष १) काठमाडौं, *पुस २४ गते, २०७४* साल (अतिरिक्ताङ्क ३

## भाग १

### काठमाडौं महानगरपालिका नगरसभाको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम काठमाडौं महानगरपालिकाको नगरसभाले मिति २०७४।४।८ मा जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## काठमाडौं महानगरपालिका विनियोजन ऐन, २०७४

संवत् २०७४ सालको ऐन नं. २

काठमाडौं महानगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः काठमाडौं महानगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम काठमाडौं महानगरपालिका, नगरसभाले यो ऐन बनाएको छ ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "काठमाडौं महानगरपालिका विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

क) "नगरसभा" भन्नाले काठमाडौं महानगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले काठमाडौं महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "वडा समिति" भन्नाले काठमाडौं महानगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) "विषयगत शाखा" भन्नाले काठमाडौं महानगरपालिका अन्तर्गतको विभाग, महाशाखा, शाखा, आयोजना, सचिवालय, इकाई, कार्यालय तथा अन्य प्रशासनिक इकाई समेतलाई सम्झनु पर्दछ ।

ङ) "सञ्चित कोष" भन्नाले काठमाडौं महानगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

**३. आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त काठमाडौं महानगरपालिका, नगर कार्यपालिका, वडा समिति तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची- १ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू. १२,८७,८९,४७,०००।०० (बाह्र अर्ब सतासी करोड उनान्नब्बे लाख सत्चालिस हजार रूपैया) मा नबढाई निर्दिष्ट गरिएबमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

**४. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को लागि काठमाडौं महानगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी, कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची-१

(दफा ३ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रू. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | १,१३०,९२० | १,८७४,८५० | | ३,००५,७७० |
| २ | | वडा समिति | २४,३२० | ५८४,७८० | | ६०९,१०० |
| ३ | | बिषयगत शाखा | | ९,२१५,०७७ | | ९,२१५,०७७ |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | २९,००० | | | २९,००० |
| ५ | | लगानी (सेयर/ऋण) | | २०,००० | | २०,००० |
| | | | | | | १२,८७८,९४७ |

प्रमाणीकरण मितिः २०७४।०४।०८

**आज्ञाले,**
**धनिराम शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. १० ।-
गो.हु.द.नं. १६।२०६२।६३